# पशुपन्छी फार्म पूर्वाधार सुदृढिकरणको लागि अनुदान सहयोग कार्यक्रम संचालन कार्यविधि, २०७५

पृष्ठभूमिः

नेपालको कुल ग्राहस्थ उत्पादनको करीव १२ प्रतिशत र कृषि क्षेत्रको कुल ग्राहस्थ उत्पादनको करीव ३२ प्रतिशत योगदान रहेको पशु उत्पादन क्षेत्र निर्वाहमुखीबाट विस्तारै व्यवसायीकरण हुदै गईरहेको परिप्रेक्ष्यमा यस क्षेत्रको पशुपालनको क्षेत्रमा लगानी विस्तार गरी समग्र व्यवसायलाई नै प्रतिस्पर्धी बनाउन आवश्यक छ । प्रदेश न. २ मा व्यवसायिक पशुपालन गरि दुध, मासु र अन्डा उत्पादनको लागि प्रचुर सम्भावना भएको ठाँउ हुनुको साथै यस प्रदेशमा बढदो जनसंख्या एवं शहरीकरणले गर्दा दुध, दुग्धजन्य पदार्थ तथा मासुको माग बढ्दै गईरहेको र प्रदेशको पशु उत्पादनको क्षेत्रमा आत्मनिर्भर हुने लक्ष्य अनुरुप दुध, मासु र अन्डा उत्पादनमा बिशेष सहयोग गर्नको लागि प्रदेश सरकार, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, प्रदेश न. २ को कार्यक्रम अनुसार स्थानीय स्तरमा गाईभैंसी, बाख्रा, बंगुर तथा कुखुरा पालन गर्ने किसानहरुका लागि फार्म पूर्वाधार सुदृढिकरणको लागि अनुदान सहयोग कार्यक्रम सचालन गर्ने रहेकोले यसरी प्रदान गरिने अनुदानलाई बढी प्रभावकारी बनाई लक्षित वर्गसम्म पुर्याउनुको साथै गाईभैंसी, बाख्रा, बंगुर, तथा कुखुरा पालन व्यवसायमा आधुनिक प्रविधिको प्रयोग मार्फत बढी प्रतिस्पर्धी बनाउनको लागि उक्त अनुदान प्रदान गर्ने प्रकृयालाई सरल पारदर्शी प्रभावकारी र व्यवस्थित गर्नको लागि यो कार्यविधि तयार गरिएको छ ।

## परिच्छेद १
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ :

१. यो कार्यविधिको नाम "पशुपन्छी फार्म पूर्वाधार सुदृढिकरणको लागि अनुदान सहयोग कार्यक्रम संचालन कार्यविधि, २०७५" रहेको छ ।

२. यो कार्यविधि प्रदेश न. २ को मन्त्रिपरिषद् बाट स्वीकृत भएको मितिबाट प्रारम्भ हुनेछ ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

१. "कार्यक्रम" भन्नाले "स्थानीयस्तरमा फार्म पूर्वाधार सुदृढिकरण कार्यक्रम" सम्झनु पर्दछ ।

२. "कार्यविधि" भन्नाले "पशुपन्छी फार्म पूर्वाधार सुदृढिकरणको लागि अनुदान सहयोग कार्यक्रम संचालन कार्यविधि, २०७५" सम्झनु पर्दछ ।

३. "फार्म" सम्बन्धित सरकारी निकायमा दर्ता भएको पशुपालन फार्म सम्झनु पर्दछ ।

४. "पशु विकास कार्यदल" भन्नाले पशु विकास सम्बन्धी कार्यक्रम संचालनमा सहजकिरणका लागि भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रको प्रमुखको संयोजकत्वमा गठित समितिलाई जनाउदछ ।

५. "पशु सेवा शाखा" भन्नाले कार्यक्रम संचालित क्षेत्र संग सम्बन्धित स्थानीय तहको पशु सेवा शाखालाई सम्झनु पर्दछ ।

६. "पशुपन्छी" भन्नाले यस कार्यविधिमा गाई, भैंसी, बंगुर, बाख्रा र कुखुरालाई जनाउदछ ।

७. "विज्ञ केन्द्र" भन्नाले भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रलाई सम्झनु पर्दछ ।

८. "निर्देशनालय" भन्नाले पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय, प्रदेश न. २ लाई सम्झनु पर्दछ

९. "मन्त्रालय" भन्नाले भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, प्रदेश न. २ लाई सम्झनु पर्दछ ।

३. उदेश्यः यस कार्यक्रमका उदेश्य देहाय बमोजिम रहेका छन्

(क) पशुपन्छी पालन व्यवसायको उत्पादन लागत घटाउन सहयोग पुर्याउने ।

(ख) पशुपन्छी पालन व्यवसायको गुणस्तरमा सुधार ल्याउने।

(ग) स्वच्छ तथा स्वस्थ दुध, मासु तथा अन्डा उत्पादनमा सहयोग पुर्‍याउने ।

(घ) पशुपन्छी पालन व्यवसायलाई आधुनिकरण तथा व्यवसायीकरण गर्ने।

## परिच्छेद ३
## कार्यक्रम सचालन सम्बन्धी

### ४. पशुपन्छी फार्म पूर्वाधार सुदृढिकरणको लागि प्रदान गरिने अनुदान सम्बन्धी व्यवस्था

(क) यो कार्यक्रम प्रदेश न. २ को सबै जिल्लाहरुमा संचालन गरिनेछ । कम्तिमा २ बर्ष देखि पशुपालन व्यवसाय सचालन गरि गाईभैंसीको हकमा कम्तीमा १० माँउ गाई वा भैसी, बाखा पालनको हकमा कम्तीमा ५० माँउ बाखा तथा कुखुरा पालनको हकमा कम्तिमा २००० कुखुरा पालन गरिरहेको कृषकहरुले पशुपन्छी फार्म पूर्वाधार सुदृढिकरणको लागि लागतको बढीमा ५० प्रतिशत अनुदान पाउने छन ।तथापी अनुदान पाउने अधिकतम रकम यसै कार्यविधिको दफा ६ (क) मा तोके भन्दा बढी हुनेछैन ।

(ख) अनुदान रकम नियमानुसार एक आर्थिक वर्षको लागि मात्र उपलब्द्ध हुनेछ । एक पटक अनुदान पाएको व्यक्ति वा संस्थाले आगामी दुई आ.व. मा अनुदान पाउने छैन । साथै अन्य निकायबाट यस क्षेत्रमा यसै प्रयोजनका लागि अनुदान पाएका कृषक तथा संस्थाले यो अनुदान रकम पाउने छैन ।

(ग) एक कृषकले एक व्यवसायको लागि मात्र अनुदान पाउने छ ।

(घ) पशुपन्छी फार्म पूर्वाधार सुदृढिकरणको लागि अनुदान लिन चाहने कृषकले भाडामा लिएको जमीनमा गोठ वा खोर निर्माण गर्न चाहेमा जमीन भाडाका अवधि न्यूनतम ५ वर्षको हुनु पर्नेछ ।

(ङ) अनुदानबाट निर्माण हुने गोठ र खोरको नमूना र नक्सा सम्बन्धित भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रले उपलब्ध गराउने छ । यस्तो नमूना तथा नक्सा निर्माणको लागि लाग्ने खर्चको व्यवस्था सम्बन्धित भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रको कार्यक्रममा राखिनेछ ।

(च) यो अनुदान बाली तथा पशु बीमा कार्यविधि २०६९ बमोजिम बीमीत पशुहरु पालन गर्ने किसानहरुले मात्र पाउने छन ।

### ५. आवेदन तथा छनोट विधिः

क. सम्बन्धित भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रले प्रचलित ऐन नियम अनुसार म्याद दिई राष्ट्रिय पत्रपत्रिकामा अनुसुची १ बमोजिमको सूचना प्रकाशित गरि अनुदान लिन चाहने कृषकहरुबाट प्रस्ताव माग गर्नेछ ।

ख. अनुदान लिन चाहने किसानहरुले अनुसुची ३ को फर्मेटमा प्रस्ताव तयार गरी आवश्यक कागजात सहित सम्बन्धित भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रमा निवेदन पेश गर्नु पर्नेछ । प्रस्तावहरु पेश गर्दा पशुपन्छी फार्म पूर्वाधार सुदृढिकरणसंग सम्बन्धित कृयाकलापहरु मात्र स्पष्ट रुपमा समावेश गर्नु पर्नेछ ।

ग। रीतपूर्वक पर्न आएका प्रस्तावहरुको स्थलगत मुल्यांकनको लागि भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रको प्रमुखले निम्न बमोजिमको कम्तमि ३ सदस्ययि स्थलगत मुल्यांकन समिति गठन गरिनेछ ।

स्थलगत मूल्याँकन समिति निम्नानुसारको रहनेछ ।

सँयोजक पशु चिकित्सक भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र

सदस्य= मत्सय विकास अधिकृत भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र

सदस्य सचिव पशु विकास अधिकृत भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र

उक्त समितिले स्वीकृत कार्यक्रम अनुसारको प्राप्त भएको प्रस्तावनाहरुको प्रथम चरनको छनौट गरि स्थलगत मुल्याकन गर्नेछ । प्रथम चरनको छनौट आवश्यक डकुमेन्टको आधारमा गर्नेछ भन्ने स्थलगत मुल्यांकन अनुसुची ४ मा तोके बमोजिमको फारम अनुसार मुल्यांकन गरि अनुमोदनको लागि कार्यालय मार्फत पशु विकास कार्यदलमा पेश गर्नेछ ।

घ) "पशुपन्छी फार्म पूर्वाधार सुदृढिकरणको कार्यक्रम संचालनको लागि प्राप्त प्रस्तावनाको स्थलगत मुल्यांकनको लागि भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रको प्रमुखको संयोजकत्वमा "पशु विकास कार्यदल" गठन गरिनेछ ।

"पशु विकास कार्यदल निम्नानुसारको रहनेछ ।

१.भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र प्रमुख ...............संयोजक

२.कृषि ज्ञान केन्द्रको अधिकृत प्रतिनिधि.................................... सदस्य

३.जिल्ला प्रशासन कार्यालयको अधिकृत प्रतिनिधि.......................सदस्य

४.जिल्ला समन्वय समितिको कार्यालयको अधिकृत प्रतिनिधि ........सदस्य

५सम्वन्धित जिल्लाको अगुवा कृषक पुरुष एक जना ........................ सदस्य

६.सम्वन्धित जिल्लाको अगुवा कृषक महिला एक जना ........................ सदस्य

७..भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्दले तोकेको अधिकृत ः१ जना सदस्य सचिव

यसरी गठित पशु विकास कार्यदल" स्वीकृत कार्यक्रम अनुसारको प्राप्त भएको प्रस्तावहरको स्थलगत मुल्यांकन विवरणलाई अध्ययन गरि अनुमोदन गर्नेछ । अनुमोदनको लागि आवश्यक परेको खण्डमा कृषकको घरदैलोमा समेत गई स्थलगत मुल्यांकनको नतिजा हेर्न सकिनेछ । अनुमोदन गरिएको प्रस्तावहरको योगयता क्रमको सुची स्वकितिको लागि कार्यालय मार्फत युवालक्षित कार्यक्रम अनुगमन तथा मूल्याँकन मुल समितिमा पेश गर्नेछ।

ङ) "पशुपन्छी फार्म पूर्वाधार सुदृढिकरण सम्बनधी कार्यक्रम संचालनको लागि स्थलगत मुल्यांकनभई पशु विकास कार्यदलबाट समेत अनुमोदन भएको योग्यता क्मको सुची अन्तिम स्वीकृतिको लागि भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रको प्रमुखको संयोजकत्वमा युवालक्षित कार्यक्रम अनुगमन तथा मूल्याँकन मुल समिति गठन गरिनेछ ।

"पशुपन्छी फार्म पूर्वाधार सुदृढिकरण कार्यक्रम अनुगमन तथा मूल्याँकन मुल समिति निम्नानुसारको रहनेछ ।

१.भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र प्रमुख ............... संयोजक

२.मन्त्रालयको पशुपंछी विकास महाशाखा प्रमुख .................. सदस्य

३.निर्देशनालयको पशुपंछी विकास शाखा प्रमुख .................. सदस्य

यसरी गठित "पशुपन्छी फार्म पूर्वाधार सुदृढिकरण कार्यक्रम अनुगमन तथा मूल्याँकन मुल समिति ले स्वीकृत कार्यक्रम अनुसारको प्राप्त भएको प्रस्तावहरुको स्थलगत मुल्यांकन विवरण तथा पशु विकास विकास कार्यदलबाट अनुमोदन भएको योगयता क्रमको सुचीलाई स्वीकृत गर्नेछ । योग्यता क्रम सुची स्वीकृत गर्नु अगावै आवश्यक ठानेमा कृषकको घरदैलोमा गई स्थलगत मुल्यांकनको विवरणलाई समेत पुनःमुल्यांकन गर्न सक्नेछ । यस समितिले गरेको मुल्यांकन अन्तिम हुनेछ ।

छ) "पशुपन्छी फार्म पूर्वाधार सुदृढिकरण कार्यक्रम अनुगमन तथा मूल्याँकन मुल समितिबाटस्वीकृत भएको प्रस्तावना विवरण सुचना पाटमिा टाँस गरि सम्बन्धित व्यवसायी बीच अभिमुखीकरण गरि प्रस्तावित कार्य सम्पन्न गर्नको लागि समय तोकी रकम भुताmानकिो लागि कागजात पेश गर्ने भनी छलफल गर्नेछ ।

च). पशुपन्छी फार्म पूर्वाधार सुदृढिकरण कार्य गर्नको लागि आवेदन दिने कृषकहरुको हकमा पशु विकास कार्यदलको स्वीकृती पश्चात प्राविधिक टोलीले कषकहरुको खोर तथा गोठको निरीक्षण गरी सञ्चालन गर्नु पर्ने कृयाकलाप कृषकसँग अनूसुची ५ अनुसार सम्झौता गर्नेछ ।

छ) पशु विकास कार्यदलले छनौट गरेका कृषकहरुको लागि पाँच गाईको लागि आबश्यक गोठ तथा खोरको नमूना तथा नक्सा भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रले तयार गर्ने छ । सो नक्सा भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रले सम्बन्धित कृषकलाई उपलब्ध गराउने छ । अनुदान प्राप्त गर्न कृषकले सोही नक्सा अनुसार गोठ तयार गरेपछि मात्र अनुदान उपलब्ध गराईनेछ ।

## ६. अनुदान भुक्तानी प्रक्रिया

क. पशुपन्छी फार्म पूर्वाधार सुदृढिकरणको लागि प्रति फार्म लागतको ५० प्रतिशत पूर्वाधार सुदृढीकरणको लागि रकम उपलब्द्ध गराईनेछ तर उक्त रकम गाईभैसीको हकमा अधिकतम रु. ७,५०,००० (अक्षेरुपि सात लाख पचास हजार रुपैंया) बाख्रको हकमा रु ५०००००। (अक्षेरुपि पाच लाख रुपैंया) कुखुराको हकमा ३०००००।(अक्षेरुपि तीन लाख रुपैंया) भन्दा बढि हुने छैन । ।

ख) कार्ययोजनामा उल्लेख गरिएको कार्यहरु सम्पन्न गरि सोही बमोजिमको बील भरपाईहरु पेश गर्नु पर्नेछ । उल्लेखित कार्य बाहेकको कामको लागि भुक्तानी गरिने छैन ।

ग) रकम भुक्तानी गर्दा कार्यालयको तर्फबाट भुक्तानी गरिने रकम कार्य सम्पन्न भए पशचात मात्र एकमुष्ट रुपमा व्यवसायीको बैंक खाता मार्फत भुताmानी गरिनेछ ।

घ) भुक्तानीको लागि निम्न किसिको काजगातहर अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

- भुक्तानीको लागि संस्थाको लेटरप्याडमा लिखित निवेदन
- कार्य सम्पन्न भएको स्थानयि तहको सिफारिस पत्र
- रकम भुक्तानी गरिने बैंक खाताको विवरण
- बील बीजकहरुको सक्कल प्रति
- फार्ममा रहेको पशुपन्छीको बीमा गरिएको कागजातहरुको प्रतिलिपी
- द्धिपक्षिय संझौता पत्रको प्रतिलिपी

ङ) भुक्तानी दिदाँ १.५% टि.डि.एस कट्टी गरी भुक्तानी दिने तर १३% भ्याट रकमको हकमा रकम दाखिला गरेको भौचर पेश गरेको खण्डमा मात्र भ्याट विलको रकम भुक्तानी दिईनेछ ।

च) सम्बन्धित कायार्लयले सम्वन्धित पूंजिगत खर्च शिर्षकबाट साझदोरी रकम उपलब्ध गराउने पशुपन्छी फार्म पूर्वाधार सुदृढिकरण कायर्कम्र संचालन गर्दा विनियोजित बजटेको ५ प्रतिशत बराबर रकम कन्टिनजेन्सी वापत कट्टा गरी अनगुमन, निरिक्षण, भ्रमण, विषय विशष्ोज्ञको परामर्श सेवा ,प्रस्ताव मूल्यांकन समितिको बैठक भत्ता, इन्धन, ममर्त सभांर र कायार्लय सचांलन प्रयोजनका लागी खर्च गर्न सक्नेछ। तर सो कुरा सम्बन्धित साझेदारसंग गरिने द्विपक्षिय सम्झौता पत्रमा उल्लेख गरिएको हुनु पर्नेछ ।

छ.) सम्बन्धित कार्यालयले साझेदारसगं द्विपक्षिय सम्झौता गर्दा कुन कायर्कम्र संचालन गर्न कति रकम अनुदान उपलब्ध गराउने हो र सो रकम कुन विधीबाट भक्तानी गरिन्छ भन्ने कुरा स्पष्ट खुलाउनु पर्नेछ ।

ज) यसमा उल्लेख नभएको कुराको हकमा सार्वजनिक खरिद नियमावली बमोजिम हुनेछ ।

## परिच्छेद ४

## विविध

**क. अनुगमन तथा मूल्यांकनको व्यवस्था :** पशुपन्छी फार्म पूर्वाधार सुदृढिकरणको लागि प्रदान गरिने अनुदान सम्बन्धी कार्यको समन्वय तथा अनुगमन गर्न देहाय बमोजिमको एउटा समन्वय तथा अनुगमन समितिको गठन हुनेछ ।

१. संयोजक निर्देशक, पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय

२. सदस्य महाशाखा प्रमुख, पशुपन्छी, मन्त्रालय

३. सदस्य अधिकृत प्रतिनिधि, योजना तथा अनुगमन महाशाखा, मन्त्रालय

४. सदस्य-सचिव पशु विकास अधिकृत, मन्त्रालय

**ख. समितिको काम, कर्तव्य र अधिकार**

१. पशुपन्छी फार्म पूर्वाधार सुदृढिकरणको लागि प्रदान गरिने अनुदानको प्रभावकारी कार्यन्वयनको लागि आवश्यक समन्वय गर्ने, यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा परेमा सो फुकाउनका साथै यस कार्यविधिको व्याख्या गर्ने कार्य यो समितिका हुने छ । यो समितिको बैठक संयोजकले तोकेको बखत बस्नेछ ।

२. समितिले आवश्यकता अनुसार मन्त्रालय तथा निर्देशनालयको प्रतिनिधि सहितको संयुक्त अनुगमन गरि प्रतिवेदन तयार गर्ने छ ।

ग. कारबाहीको व्यवस्था : छनौट भएका कृषकहरुले प्राप्त अनुदानलाई दुरुपयोग गरेको पाइएमा वा असम्बन्धित क्षेत्रमा खर्च गरेको पाईएमा प्रचलित ऐन नियम तथा कानुन बमोजिम कारवाही गरी सरकारी रकम सरह असुल उपर गरिनेछ ।

घ. प्रचलित कानून लाग हुने : प्रचलित कानूनमा उल्लेख भएकोमा सोही बमोजिम तथा उल्लेख नभएको कार्यक्रमको हकमा यसै कार्यबिधि बमोजिम कार्यान्वयन हनेछ ।

ङ. कार्यबिधि संशोधन तथा परिमार्जन : मन्त्रालयले यस कार्यबिधि तथा यसका अनुसुचीमा आवश्यक परिमार्जन एवं संशोधन गर्न सक्नेछ ।



प्रदेश सरकार भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय / पशुपन्छी तथा मत्स्यपरिषदको कार्यालय प्रदेश नं.२ जनकपुरधाम, धनुषा

सचिव

## अनुसूची-१

## सूचना

यस विज्ञ केन्द्रको आ.व. २०...../...... को स्वीकृत वार्षिक कार्यक्रम अनुसार पशुपन्छी फार्म पूर्वाधार सुदृढिकरण गर्न चाहने सम्बन्धित निकायमा दर्ता भएका कृषक उद्यमीहरुबाट प्रस्ताव आव्हानको लागि यो सूचना प्रकाशित गरिएको छ । ईच्छुक कृषक उद्यमीहरुले यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले ......दिन भित्र तोकिएको ढाँचा अनुसारको आवेदन फारम र परियोजना प्रस्ताव सम्बनिधत भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रमा पेश गर्नु होला । कृषि विकास मन्त्रालय, पशु सेवा विभाग अनतरगतका निकायहरुमध्येबाट सन्चालन भएका अन्य कार्यक्रमहरुबाट गत ३ वष भित्र कम्तीमा रु. १ लाखसम्मको सहयोग लिई कार्यक्रम गरेका कृषकहरु छनौटका प्रक्रियामा समावेस हुने छैनन । विस्तृत जानकारिका लागि सम्वन्धित भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रमा सर्म्पर्क राखु हुन अनुरोध छ ।

आवेदन साथ तपसिल अनुसारका कागजातहरु संलग्न गर्न समेत यसै सूचनाद्वारा सूचित गरिन्छ ।

१. अनूसूची-२ अनुसारको आवेदन फारम

२. अनूसूची-३ अनुसारको संक्षिप्त कार्ययोजना

३. नेपाली नागरिकताको प्रमाणित प्रतिलिपी

४. संस्थासंग आवद्ध सदस्यहरुले प्राप्त गरेको अन्य प्रमाण पत्रहरु -तालिम, शैक्षिक योग्यता, आदि) को प्रमाणित प्रतिलिपीहरु

५.सम्वन्धित निकायमा दर्ता भएको प्रमाणको प्रतिलिपि



मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय प्रदेश नं.२ जनकपुरधाम, धनुषा

सचिव

अनुसूची-२

पशुपन्छी फार्म पूर्वाधार सुदृढिकरण अनुदानको लागि आवेदन-पत्रको फारम

श्री प्रमुख ज्यू,
भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र,
......................

विषय : पशुपन्छी फार्म पूर्वाधार सुदृढिकरणको लागि अनुदान सम्बन्धमा ।

महोदय,

त्यस विज्ञ केन्द्रको मिति ............................ को ................................पत्रिकामा प्रकाशित सूचना अनुसार ..........................................................मैले गाईभैंसी/बाख्रा/बंगुर/कुखुरा फार्मको पूर्वाधार सुदृढिकरण गर्ने भएकोले तपसिल अनुसारको कागजात राखी यो निवेदन पेश गरेको छु । उक्त कायक्रम प्राप्त भएमा यस सम्बन्धी सम्झौता तथा मापदण्डमा उल्लेख भए अनुसार कार्यक्रम सन्चालन गर्नेछु र यस कार्यक्रमको लागि गरिएको सम्झाता तथा मापदण्ड विपरित गरेको पाइएमा विद्यमान कानुन बमोजिम कार्यवाहीको भागेदारी हुन मञ्जुर रहको व्यहोरा समेत अनुरोध गर्दछु । पुनश्चः आवेदन साथ तपसिल अनुसारका कागजातहरु यस निवेदन साथ संलग्न राखेको व्यहोरा समेत अनुरोध गर्दछु ।

तपसिल

१. अनूसूची-३ अनुसारका संक्षिप्त कार्ययोजना
२. नेपाली नागरिकताको प्रमाणित प्रतिलिपी
३. सम्वन्धित निकायमा दर्ता भएको प्रमाणको प्रतिलिपि
४. प्राप्त गरेको तालिम, शैक्षिक योग्यताको प्रमाण पत्रहरुको प्रतिलिपीहरु

निवेदन दिनको तर्फबाट नाम :
ठेगाना :
दस्तखत :
मिति :



प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय प्रदेश नं.२ जनकपुरधाम, धनुषा

सचिव

अनुसूची-३

संक्षिप्त कार्ययोजना प्रस्ताव

१. फार्मका छोटो चिनारी र उदेश्य (२०० शब्दमा)

२. विद्यमान भौतिक, वित्तिय तथा अन्य पुर्वाधारहरु (२५० शब्दमा)

४. संचालन गरिने कार्य विवरण

| क्र.सं. | कृषक/संस्थाबाट प्रस्तावित क्रियाकलाप | जम्मा लगानी (रु) | अनुदान सहयोग (रु) | निजी लगानी (रु) |
|---|---|---|---|---|
| १ | गोठ निर्माण वा सुधार | | | |
| २ | | | | |
| ३ | | | | |
| ४ | | | | |
| ५ | | | | |
| ६ | | | | |
| | जम्मा | | | |

५. उत्पादित वस्तुको बजार योजना

६. अपेक्षित वार्षिक प्रतिफल

७. व्यवसाय संचालन गरिने स्थानका विवरण

दस्तखत :

कृषकका नाम :

सर्म्पर्क नम्वर:

ठेगाना: गाउं/टोल: वडा नं.: गा.पा./न.पा.:

जिल्ला :

मिति :

प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय प्रदेश नं.२ जनकपुरधाम, धनुषा

सचिव

अनुसुची- ४

पशुपन्छी फार्म पूर्वाधार सुदृढिकरणको लागि प्राप्त आबेदकहरुको मूल्यांकनका आधारहरु

| क.स. | आवेदन दर्ता नं. | आवेदकको नाम | ठेगाना | मूल्यांकनका आधारहरु | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | प्रस्तावित स्थानमा उपलब्ध पुर्वाधारहरु र बजारीकरणको अवस्था (२५) | वर्तमान फार्मको अवस्था (२५) | घाँस विकासको सम्भाव्यता र फार्मको जैविक सुरक्षाको अवस्था (२५) | आवेदकको आर्थिक तथा मानवीय संसाधनको अवस्था (तालिम,योग्यता, अनुभव आदि) (२५) |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

## अनुसची-५
## सम्झौता पत्र

..............................बाट संचालन गरिने चालु आ. व. .......... को स्वीकृत कार्यक्रम अनुसार पशुपन्छी फार्म पूर्वाधार सुदृढिकरणको लागि प्रदान गरिने अनुदान दिनको निम्ति भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, ..... .............. (यसपछि प्रथम पक्ष भनिने) र छनौट भएको फार्म........................................................................................ (यसपछि दोश्रा पक्ष भनिने) को विच तपसिलको शर्तनामाहरुको अधिनमा रही कार्यक्रम सञ्चालन गरी सम्पन्न गर्न द्विपक्षिय सम्झौता गरिएको छ ।

तपसिल

१. प्रथम पक्षले दोश्रो पक्षलाई व्यवसाय संचालनको लागि कार्ययोजना अनुसार को कार्य सम्पन्न गरि सके पश्चात एकमुष्ट रुपमा नियमानसार बैंक खातामा अनुदान रकम उपलब्ध गराइने छ ।
२. प्रथम पक्षबाट प्राप्त अनुदान सहयोगलाई दोश्रो पक्षले कम्तिमा पनि ३ वर्षसम्म मास्न वा दुरुपयोग गर्न पाउने छैन र त्यसो गरेको पाईएमा निजबाट सो रकम सरकारी बांकी सरह असुल उपरको लागि आवश्यक कारवाही चलाईने छ । व्यवसायबाट उत्पादित वस्तुको बजार व्यवस्था दोश्रो पक्षले गर्नुपर्नेछ ।
३. प्रथम पक्षले व्यवसायलाई सफल पार्न नियमित रुपमा व्यवसायको अनुगमन गर्ने छ ।
४.व्यवसायिक फर्मरसमुहरसमितिरसहकारिले प्रत्येक ४ महिनामा सम्वन्धित भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द मार्फत प्रगति प्रतिवेदन वुझाउनु पर्ने छ ।
५. यस सम्झौतामा उल्लेखित काम गर्दा परि आउन सक्ने कुनै पनि भवितव्यको पुर्ण जिम्मेवारी दोश्रो पक्षको हुनेछ ।
६.पशु सेवा विभाग र यस मातहतका निकायहरुबाट गरिने÷गराइने अवलोकन भ्रमण, अनुगमन तथा निरिक्षण र अनुसन्धान जस्ता कार्यहरु गर्नका लागि दोश्रो पक्षले पहिलो पक्षलाई सहयोग गर्नेछ ।
७. यस सम्झौतामा उल्लेख नभएका कुराको हकमा प्रचलित कानुन बमोजिम हुनेछ ।
८. प्रस्तावनामा पेश गरे अनुसारको कार्य बाहेकको काम गरेमा प्रथम पक्षले भुतmानी दिन बाध्य हुने छैन ।
उपरोक्त शर्तहरु मंजुर गरी सहि छाप गरि दियौं ÷लियौं ।

| प्रथम पक्ष | दोश्रा पक्ष |
|---|---|
| भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रको तर्फबाट सहि गर्नेको | संस्थाका तर्फाट सहि गर्नेको |
| नाम : | नाम : |
| पद : | पद : |
| दस्तखत : | दस्तखत : |
| मिति : | मिति : |
| कार्यालयका छाप : | संस्थाका छाप : |